# भक्तपुर नगरपालिका

स्थानीय पाठ्यक्रम

२०७८

# खपको पहिचान

आधारभूत तह (कक्षा ४)

प्रस्तुतकर्ता
स्थानीय पाठ्यक्रम निर्माण कार्यदल :
योगेन्द्रमान बिजुक्छें
सिद्धिरत्न शाक्य
उद्धव सुजखु
रोशनराज तुइतुईं
राजेन्द्रप्रसाद श्रेष्ठ

प्रकाशक :

भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : वि.सं. २०७८
मुद्रण प्रति :

स्वच्छ नगरपालिका

# भक्तपुर नगरपालिका

BHAKTAPUR MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

ब्यासी, भक्तपुर

BYASI, BHAKTAPUR

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७६

चलानी नं. : १०२२

मिति: २०७८।८।७

## नगर प्रमुखको भनाइ

कक्षा ४ र ५ को पाठ्यक्रम निर्माणसँगै स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको एउटा चरणको काम पूरा भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएसँगै भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको तयारी गरेको हो। २०७४ माघ २३ गते बसेको नगर कार्यपालिकाको बैठकले योगेन्द्रमान बिजुक्छेँको संयोजकत्त्वमा पाँच सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरेको हो। कार्यदलले २०७५ सालदेखि हरेक वर्ष दुई दुईवटा कक्षाको निम्ति पाठ्यक्रम तयार गर्दै आएको छ।

भक्तपुर नगरभित्र सामुदायिक र संस्थागत गरी कूल ९२ वटा विद्यालयहरू छन्। कक्षा १ देखि ८ सम्म पढ्ने विद्यार्थीहरूको संख्या हाल १८,७७७ जना छन्। ती सबै विद्यार्थीहरूलाई भक्तपुर नगरपालिका भित्रका कला-संस्कृति र सम्पदाहरूको ऐतिहासिक र साँस्कृतिक महत्त्वबारे जानकारी दिनु हामीले आवश्यक ठानेका छौं। हाम्रा कयौं महत्त्वपूर्ण कला-संस्कृति र सम्पदाहरू लोप भइसके भने कैयौं लोपोन्मुख अवस्थामा छन्। जनचेतनाको कमी र ऐतिहासिक सम्पदाहरूको महत्त्व नबुझ्दा त्यतिबेला त्यसको संरक्षणमा ध्यान दिइएन। भक्तपुरमा अवस्थित ऐतिहासिक र साँस्कृतिक महत्त्वका सम्पदाहरू केवल भक्तपुरबासीहरूको मात्र नभइ देशकै सम्पदा हुन्। हाम्रा कतिपय सम्पदाहरू विश्व सम्पदामा समेत सूचिकृत छन्। ती सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी अब नयाँ पुस्ताको काँधमा छ।

कार्यदलले भक्तपुरको इतिहास, भूगोल, राजनीति, संस्कृति, संस्कार, सीप, प्रविधि, खेलकुद, पर्यटनलगायतका विषयमा केन्द्रित भएर पाठ्यक्रम तयार गरेको छ। ती सबै विषयहरू विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई अध्यापन गरिँदै आएको छ।

भक्तपुर नगरपालिकाले दिएको जिम्मेवारी स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका साथीहरूले इमानदारीपूर्वक पूरा गर्नुभयो। उहाँहरूले नगरपालिकाबाट कुनै आर्थिक सुविधा लिनु भएन। आफ्नै व्यक्तिगत खर्चमा कयौं बुद्धिजीवी, विज्ञहरू कहाँ धाउनु भयो, निजी खर्चमै सबै कामहरू गर्नुभयो र निरन्तर दत्तचित्त भएर लाग्नु भयो। उहाँहरूको लगनशीलता, मिहिनेत र परिश्रमको जतिसुकै धन्यवाद दिँदा पनि कमी हुन्छ। भक्तपुर आजको स्थितिमा आइपुग्नमा कार्यदलका सदस्यहरु उद्धब सुजखु, रोशनराज तुईतुई, राजेन्द्र प्रसाद श्रेष्ठ, सिद्धिरत्न शाक्य जस्ता थुप्रै बौद्धिक व्यक्तित्वहरूको हात छ। उहाँहरूको सेवाको यस भावनालाई भक्तपुर नगरपालिका उच्च सम्मान गर्दै आगामी दिनहरूमा यस्तै सहयोगको अपेक्षा गर्दछौं। धन्यवाद।

२०७८।८।३

सुनिल प्रजापति

प्रमुख

प्रमुख: ६६१००९६, उपप्रमुख: ६६२०६७०, प्रशासन शाखा: ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृत: ६६१००७६, लेखा शाखा: ६६१२७२१, योजना शाखा: ६६१४८१३

ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेबसाइट :- www.bhaktapurmun.gov.np

# हाम्रो भनाइ

हामी भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण अभियानको पाचौं बर्ष र कार्यान्वयनको चौथौं बर्षमा आइपुगेका छौं । यस बर्ष २०७८ सालमा कक्षा ४ र ५ को 'ख्वप पहिचान' तपाईहरुको हातमा पुऱ्याउने कार्यले साकार रुप लिएको छ । संसारको हरेक देश र क्षेत्रलाई नराम्ररी गाँजेको कोभिडको महामारीले यस पाठ्यक्रम निमार्णको कार्यलाई पनि नराम्ररी थलापारेको थियो । २०७४ माघ २३ मा गठित कार्यदलको कार्यहरु जुन गति र लयमा अगाडि बढिरहेको थियो, कोभिड महामारीकै कारण त्यसमा ब्रेक लाग्नपुग्यो । एकातिर, बन्दाबन्दीको कारणले भौतिक रुपमासँगै बसेर गम्भिर रुपमा छलफल गरी  कार्यसम्पादन गर्न सकस र अर्कोतिर भौतिक रुपमा विद्यालयहरु सञ्चालन हुन नपाउँदा तयार भएको पाठ्यक्रमलाई कार्यान्वयन गर्न पनि जटिल । यद्यपि, हामी ४ र ५ कक्षाको पाठ्यक्रम तयार गरी प्रस्तुत गर्न सफल भयौं ।

कक्षा, १, २, ३, ६, ७ र ८ कक्षाहरुमा एघारै एकाईमा समावेश हुन बाँकि बिषयवस्तुहरुलाई ४ र ५ मा समावेश गरिएको छ । सामान्यतया धेरैले चासो नराख्ने तर महत्त्वपूर्ण तथ्य जस्तै भक्तपुर र सिम्रौनगढको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र बौद्धिक सम्बन्ध, मूर्त सम्पदामध्ये फल्चा (पाटि), बहा र मस्जिद, बौद्धमार्गीहरुमा दशैंको अथवा मोहनीको परम्परा, बयोबृद्धलाई गरिने सन्मान जंको अथवा भीम रथारोहणको संस्कार, श्री पञ्चमी र सरस्वती पूजा जस्ता परम्परा र संस्कारहरुलाई समावेश गरिएको छ  । तर यी नेवार संस्कृतिको महत्त्वपूर्ण परम्परा र संस्कारमा भएका अन्धविश्वास र कूरीतिलाई हताउने र त्यसमा अन्तरनिर्हित बैज्ञानिक  तथ्यलाई उजागर गर्ने समेत प्रयास गरिएकोछ ।

बिना पाठ्यपुस्तक पठनपाठन गर्नुपर्दा कक्षाकोठामा शिक्षकले भोग्नु पर्ने समस्यालाई सहजिकरण गर्न यस पाठ्यक्रमको कार्यान्वयनको साथसाथै 'ख्वप पहिचान - ३' सन्दर्भसामाग्रीको पनि तयारी भई छिटै प्रकाशित हुने सर्हष जानकारी गराउँदछौं ।

यस ४ र ५ कक्षाको पाठ्यक्रम निमार्ण कार्यान्वयनको साथसाथै स्थानीय निकायले कक्षा १ देखि ८ सम्मका कक्षाहरुमा स्थानीय पाठ्यक्रम निमार्ण गरी पठनपाठन गराउन सकिने राष्ट्रिय पाठ्यक्रमको प्रारुप र ढाँचामा भएको व्यबस्था बमोजिम भक्तपुर नगरपालिकामा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको पठनपाठनले एउटा चरण पार गरेको छ । निःसन्देह भक्तपुर नगरपालिका स्थानीय पाठ्यक्रम निमार्ण गरी कार्यान्वयन गर्ने नेपालको पहिलो नगरपालिका हुनसकेकोमा हामी सबै भक्तपुरबासीको लागि गर्वको बिषय बनेको छ । अझ यो भन्दा सुखद कुरा भनेको नेपालको अन्य धेरै स्थानीय निकायहरुलाई आफ्नो स्थानीय बिशेषता प्रति सचेत र गर्व गर्न सिकाएकोछ । त्यस्तै, नेपाल जस्तो भौगोलिक, सांस्कृतिक, सामाजिक र धार्मिक रुपले विविधता रहेको देशमा राष्ट्रिय पाठ्यक्रमले समेत्न नसकेका र केन्द्रीय राज्यबाट उपेक्षित भएका अल्याख स्थानीय मूर्त र अमूर्त सम्पदा र परम्परा तथा संस्कारहरुको पहिचान र उजागर हुने कार्यमा देशभर निमार्ण हुँदै गरेका स्थानीय पाठ्यक्रमले टेवा पुऱ्याएको छ ।

भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम निमार्णको यस उदाहरणीय र पायोनियरिगि कार्यमा यस कार्यदललाई यहाँका शिक्षक, प्रधानाध्यापक, विद्यालय परिवार, बुद्धिजीवि, पत्रकार, लेखक, अभिभावक, जनप्रतिनिधि, सांस्कृतिकर्मीहरु, सम्पदाविद्हरु, राजनीतज्ञहरु तथा अन्य सामाजिक अभियन्ता र सरोकारवालाहरुले पुऱ्याउनुभएको सहयोग र सदभावको जति सह्राना गरेपनि कमै हुन्छ ।

विगत चार बर्षको अवधिमा कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम निमार्णको महत्त्वपूर्ण चरण पार भइसकेको सन्दर्भमा पाठ्यक्रम निर्माण र त्यसमा सुधार, परिमार्जन र परिर्वतनको विश्वब्यापी मान्यता अनुसार आगामी दिनहरुमा यी पाठ्यक्रमहरुमा हुने परिमार्जन तथा पुनर्लेखन र परिवर्तनमा पनि सबै सरोकारवालाहरुको सहयोग र सद्भावको कार्यदल अपेक्षा गर्दछ ।

स्थानीय पाठ्यक्रम निमार्ण कार्यदल
भक्तपुर नगरपालिका

# विषय सूची


| | |
|---|---|
| १. ख्वप देको चिनारी | १ |
| २. ख्वपको इतिहास | २ |
| ३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्त्व र जनसङ्ख्या | ३ |
| क) ख्वपमा पाइने थरहरू | ३ |
| ख) स्थानीय विशिष्ट व्यक्तित्त्वहरू | ३ |
| ग) भाषिक विवरण | ४ |
| ४. स्थानीय विविध संस्कृति | ५ |
| क) श्री पञ्चमी | ५ |
| ख) स्वन्ति नखः (तिहार) | ६ |
| ५. प्रचलित स्थानीय संस्कारहरू | ७ |
| क) भीम रथारोहण | ७ |
| ६. स्थानीय बोलीचाली र लिपि | ९ |
| क) प्रचलित लिपि र रञ्जना लिपि | १० |
| ७.स्थानीय कला र सम्पदाहरूः | ११ |
| क) स्थानीय मन्दिरहरू | ११ |
| ख) लोप भैसकेका तथा लोप हुन लागेका स्थानीय नाचहरू | ११ |
| ग) स्थानीय बहा (विहार) | १२ |
| घ) स्थानीय मस्जिद | १२ |
| ८.स्थानीय व्यवसाय, सीप र प्रविधि | १३ |
| क) व्यवसाय | १३ |
| ख) बुनाइ | १३ |
| ग) बेमौसमी तथा सघन खेती | १४ |
| घ) खाद्य परिकार | १४ |
| ङ) सीप | १५ |
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | १६ |
| १०. स्थानीय खेल | १७ |
| ११. स्थानीय पर्यटन | १८ |

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | तह : आधारभूत शिक्षा तह
प्रतिहप्ता पाठ्यघण्टी : ४ | जम्मा पाठ्यघण्टी : १२८

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाबअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू: ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाई पछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू (स्थानीय पक्षहरू)मा सक्षम हुनेछन् :

१) ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
२) ख्वपको इतिहासको वर्णन गर्न ।
३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
५) प्रचलित स्थानीय संस्कारहरूको महत्त्व बताउन ।
६) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
७) स्थानीय कला र सम्पदा पहिचान गर्न ।
८) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
९) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
१०) परम्परागत स्थानीय खेलहरू खेल्न ।
११) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
कक्षा : ४ | प्रतिहप्ता पिरियड : ४
पाठ्यांशको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | जम्मा पाठ्य घण्टी : १२८

परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १ देखि ८) मा कक्षा ४को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यस पाठ्यक्रममा नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको पाठ्यक्रमले नसमेटेका स्थानीय विषयवस्तुहरू समावेश गरिएका छन् । यस स्थानीय पाठ्यक्रममा रहेका विषयवस्तुहरूले यहाँका स्थानीय इतिहास, कला संस्कृति, सम्पदा रहनसहन आदिको जानकारीका साथै रैथाने विभिन्न पक्षहरूका बारेमा ज्ञान, सीप र धारणाको विकास गराई आफू ख्वपवासी भएकोमा गर्व भएको महसुस गराउँदछ ।

यस पाठ्यक्रममा ख्वपको भौगोलिक र भौगर्भिक अवस्था, नेपालमण्डललाई निरन्तर बाह्य आक्रमण हुनुको कारण, स्थानीय संस्कृतिहरू, र संस्कारहरू साथै स्थानीय बहा बही र मस्जिद समावेश गरिएका छन् । त्यसैगरी स्थानीय सीप, प्रविधि र व्यवसायहरू, विशिष्ट व्यक्तित्त्वहरू, स्थानीय मन्दिर तथा नाचहरू, स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि, रैथाने खेलहरू तथा पर्यटन जस्ता विषयवस्तुहरू समेटिएका छन् । यस पाठ्यक्रमको मुख्य विशेषता भन्नु नै विषयवस्तुहरूलाई प्रयोगात्मक रूपमा व्यावहारिक पक्षलाई ध्यान दिनु हो । यस पाठ्यक्रम अध्यापन गराउँदा विद्यार्थी केन्द्रित भई अवलोकन, परियोजना कार्य दिने तथा विद्यार्थीहरूले आफै अनुभव गर्ने, र संलग्न हुने क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुनेछ । यसले विषयवस्तुभन्दा अवधारणालाई जोड दिएको छ । यस पाठ्यक्रमले विद्यार्थीहरूमा स्थानीय विभिन्न परम्परागत शैलीलाई विज्ञानसँग जोड्ने र प्रकृति समाज अनुकूल परिवर्तन गर्न सहयोग मिल्नेछ । यस पाठ्यक्रमको कक्षागत सक्षमता निम्नअनुसार रहेको छ ।

<u>कक्षागत सक्षमता</u>

- ख्वप दे वरिपरि अवस्थित अन्य नेवार बस्तीहरूको भौगोलिक अवस्था बताउन ।
- मध्यकालमा नेपालमण्डलको राजधानीको रूपमा विकसित ख्वप देको बौद्धिक, शैक्षिक तथा व्यापारिक केन्द्रको रूपमा विकास भएको बताउन ।
- ख्वप देमा रहेका रैथाने नेवार जातिका थरहरूको शाब्दिक अर्थ बताउन ।
- ख्वप देका विभिन्न क्षेत्रमा योगदान गरेका विशिष्ट व्यक्तित्त्वहरूको परिचय दिन ।
- गुँला पर्वबारेमा विस्तृत विवरण तयार गर्न ।
- ख्वपमा मनाउने मोहनी नखः अवधिभर सञ्चालन हुने पूजाआजा र क्रियाकलापबारे वर्णन गर्न ।
- दशैंलाई बौद्ध धर्मालम्बीहरूले शस्त्र अस्त्र परित्याग दिवसको रूपमा मनाइने तथ्य वर्णन गर्न ।
- रैथाने भाषामा मानिसहरूको बानी, व्यवहार, स्वभाव, शारीरिक र मानसिक अवस्था जनाउने शब्दहरूको अर्थ बताउन ।
- स्थानीय नेपालभाषाबाट पत्रपत्रिकाबारेमा कुराकानी गर्न ।
- रञ्जना लिपिको विशेषता बताउन र लिपि लेख्ने कलमको निर्माण गर्न ।
- स्थानीय मन्दिर, बहा र तिनको धार्मिक, सांस्कृतिक तथा सामाजिक पक्षहरूको वर्णन गर्न ।
- स्थानीय घाटहरूको परिचय दिन ।
- स्थानीय नाचहरू, दरबारहरूको परिचय दिन ।
- फल्चाको परिचय दिई यसको महत्त्व बताउन ।
- परम्परागत पेशा ज्यालु वानेगु, पुरोहित कार्य, ज्योतिष कार्यको परिचय, फाइदा तथा यसको आधुनिकताबारेमा बताउन ।
- शहरी हरियाली व्यवस्थापनको परिचय दिन र यसका फाइदाहरू बताउन ।
- तानबाट कपडा बुन्ने विधि र गलैंचा तयार गर्ने विधि बताउन ।
- च्याउ खेतीको परिचय दिई यसका फाइदाहरू उल्लेख गर्न ।
- मू स्वं र धनिचा स्वं खेती गर्ने तरिका प्रस्तुत गर्न ।
- परम्परागत प्रविधिबाट खानेकुराहरू भण्डारण गर्ने प्रविधिको परिचय दिन ।
- सहकारी संस्थाको परिचय दिई यसका फाइदाहरू बताउन ।
- छ्वालीबाट चित्र बनाउन तथा शुभकामना कार्ड बनाउन ।
- सम्हेबजी, सतुंग्वारा, साख्ला र तीलको लड्डु बनाउने विधि बताउन
- विशिष्ट अवस्थामा प्रयोग हुने जडीबुटीको सूची बनाउन ।
- प्राकृतिक र आयुर्वेदिक उपचार पद्धतिको परिचय दिन ।
- ध्यान र योगको सामान्य प्रयोग गर्न ।
- स्थानीय खेलहरू खुत्यांकासा र स्वकुंधुं खेल्न ।
- शहरी संस्कृतिको बारेमा बताउन ।
- पर्यटकसँग आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्ध देखाउन ।

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. ख्वप देको चिनारी | १. भक्तपुर जिल्लाको भौगोलिक अवस्थिति बताउन । | ● नेपालको नक्सामा भक्तपुर जिल्लाको अवस्थिथि पहिचान ।<br>● बाग्मती प्रदेशको १३ जिल्लामध्येको एक जिल्लाको रूपमा प्रस्तुत । | ● चार दिशाको बारे जानकारी दिँदै, नेपालको सिङ्गो नक्सामा सातै प्रदेशको पहिचान गराउने ।<br>● सात प्रदेशमध्ये बाग्मती प्रदेशको पहिचान गराउँदै यसका चारै दिशामा अवस्थित अन्य प्रदेश वा अन्य स्थानको पहिचान गराउन विभिन्न क्रियाकलाप गराउने ।<br>● नेपालको सातै प्रदेश अङ्कित आउटलाईन नक्साबाट सातै प्रदेश अलग्ग काटी जोड्न लगाउने ।<br>● बाग्मती प्रदेशका १३ ओटै जिल्लाको पहिचान गर्न लगाई स्वनिगः र भक्तपुरको पनि पहिचान गर्न लगाउने ।<br>● स्वनिगःका तीन शहरहरूको क्षेत्रफल तुलना गर्न लगाउने । | ● नेपालको सातै प्रदेश अङ्कित आउटलाईन नक्सा<br>● बाग्मती प्रदेश र भक्तपुरको छुट्टै नक्सा । | ● ख्वप देको भौगोलिक अवस्थिति बताउनुहोस् ।<br>● बाग्मती प्रदेशको नक्सा कोरी स्वनिग र ख्वप अङ्कित गर्नुहोस् । | ५ |
| | २. भक्तपुर जिल्ला र भनपा (ख्वप दे) को भौगोलिक र भौगर्भिक अवस्था बताउन । | ● ख्वप देको भौगोलिक र भौगर्भिक स्वरूप र संरचनाबारे जानकारी । | ● पृथ्वीको भू-सतह एक समानको नहुने, ती भू सतह कुनै अग्लो, होचो वा समथर हुने जानकारी गराउने ।<br>● हिमाल, पहाड, चुरे भावर र तराई अङ्कित नक्सा देखाई पृथ्वीको भू सतह समान नहुने चर्चा गर्ने ।<br>● आफ्नो घर वा विद्यालयबाट कुन ठाउँ अग्लो वा होचो छ भनी पहिचान गर्न लगाउने । उदाहरणको लागि गोलमढीबाट याता, हनुमानघाट होचो र भोलाछेँ, इनाचो र नागपोखरी अग्लो ठाउँमा पर्छ भनी छलफल गर्न लगाउने ।<br>● ती अग्लो वा होचो भू सतह पनि एउटै वस्तुले बनेको नहुने, बरु कुनै ठूलठूलो ढुङ्गा, कुनै मलिलो माटो, कालो माटो, रातो माटो, बालुवा वा ग्रेगर चट्टानले बनेको हुने चर्चा गर्ने ।<br>● कुनै भू-सतह जङ्गलले ढाकेको हुने, कुनै झाडी वा बुट्यानले र कुनै घाँसले ढाकिएको घाँसे मैदान हुने चर्चा गर्ने । | ● ख्वप देका भौगोलिक नक्सा | ● 'ख्वप दे'मा कस्तो कस्तो माटो चट्टान र ढुङ्गा, कहाँ कहाँ पाइन्छ लेख्नुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. ख्वपको इतिहास | ३. नेपालमण्डलमा बाह्य आक्रमणको बारेमा बताउन । | ● ख्वप दे प्राचीन कालदेखि नै आर्थिक, सामाजिक र संस्कृतिक रूपमा सम्पन्न हुदा यहाँ बेला बेलामा बाह्य आक्रमण भइ नै रहने जानकारी । | ● प्राचीन कालदेखि नै दुई देश वा राज्य वा सङ्घहरूको बीचमा एकले अर्कालाई आक्रमण गर्ने परम्परा रहिआएको जानकारी गराउने । यस्तो आक्रमणहरूका विभिन्न कारणहरू भए पनि प्रमुख कारण सम्पत्ति वा भूमि हडप्ने नै हुन्थ्यो भनी छलफल गर्ने ।<br>● सिङ्गो नेपालमण्डल वा स्वनिगः पनि आर्थिक र सांस्कृतिक रूपले सम्पन्न भएको कारण यस भित्रका एक राज्यबाट अर्को राज्यमा आक्रमण र हमलाहरू भइ नै रहन्थ्यो भन्ने चर्चा गर्ने ।<br>● वि. सं १३३१ मा उपत्यकामा अनन्त मल्ल र जयभीमदेवको पालामा पश्चिम नेपालका खस राजा जितारी मल्लले तीन पटक हमला गरी लुटपाट र आगजनी गरी नोक्सान पु-याएको चर्चा गर्ने ।<br>● यही बेला सिम्रौनगढ राज्यका डोय सेनाले पनि ख्वप देमा दुई पटक हमला गरेका थिए भन्ने प्रसङ्गको चर्चा गर्ने ।<br>● जितारी मल्लका छोरा रिपु मल्ल पनि उपत्यकामा पसेको तर उनले लुटपाटभन्दा यहाँको सांस्कृतिक वैभवको रसास्वादन गरी गएको बारे छलफल गर्ने । दैलेखको काकेविहार नेपालमण्डलकै विहारको नक्कल गरी बनाइएको मान्यता रहेको विषयमा छलफल गर्ने ।<br>● त्यस्तै, उपत्यकामा राजनैतिक अस्थिरता भएकै बेला, उत्तर भारतबाट आएका समसुद्दीन (गयासुद्दिन) इलियासको नेतृत्वमा आएका मुसलमानहरूले विस १४०६ मंसिरमा ख्वप देसहित उपत्यकाका तीनै राज्यमा भीषण आक्रमण गरेर ठूलो लुटपाट, आगजनी र विध्वंससमेत मचाएको चर्चा गर्ने । | ख्वपको इतिहास सम्बन्धी लेखहरू | ● नेपालमण्डलमा बाहय आक्रमणको बारेमा छलफल गर्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्री | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या<br>क) ख्वपमा पाइने थरहरू | ● ख्वपमा पाइने खुशी जनाउन 'खु' प्रत्यय लागी बनेका थरहरू र बानीबेहोरा बुझाउने थरहरूको सूची तयार पार्न | ● पछाडि खु लागेर बनेका थरहरू जस्तैः दनेखु, मारिखु, सितिखु, सुजखु आदि<br>● बानीबेहोरा जनाउने थरहरू जस्तैः छ्वालु, ज्ञांमरु, धेके, फाँगुलु आदि | ● कक्षामा रहेका विद्यार्थीहरूको जोडी वा समूह बनाउने, एक आपसमा चिनारी दिन नाम र थर प्रष्ट रूपमा भन्न लगाउने । ती नाम र थरको अर्थबारे अनुमान गर्न लगाउने । पालै पालो अगाडि बोलाएर नाम, थर र अर्थ प्रस्तुत गर्न लगाउने । विषयवस्तुमा उल्लिखित थरहरूको अर्थबारे पनि अनुमान गर्न लगाउने । अर्थ प्रष्ट नभएमा शिक्षकले प्रष्ट्याउन सघाउने । ती थरहरूका मानिसहरू, विद्यार्थीहरू ख्वपमा कहाँ रहन्छन्, तिनीहरूका बारे कसरी जानकारी लिन सकिन्छ छलफल गर्ने र सूची तयार पार्न लगाउने ।<br>● अर्थको अनुमान गर्दा शिक्षकले सघाउने जस्तै :<br>दनेखु : दने–खु – दनेगु खुसी :– डरलाग्दो खुसी ।<br>सितिखु : सिति–खु, सितिं–खुसी :– काममा नआएको खुसी<br>सुजखु : सुज - खु, सुर्द्य खुसी :– सूर्यमण्डलको खुसी<br>छ्वालु : न्यासिचःम्हा मनु (बानीबेहोरा जनाउने, उत्ताउलो, नखरमाउली)<br>ज्ञामरु : ज्ञान – मरु, ज्ञान नभएको मान्छे आदि | ● सम्बन्धित थरहरूको सूची<br>● थरहरूको विग्रह गरी अर्थ्याएको सूची<br>● ठाउँ र थरहरूको सूची रहेको फ्ल्यास कार्ड, चार्ट | ● आफ्नो र साथीको थरबारे अर्थ लगाउनुहोस् ।<br>● सुजखुको अर्थ के होला ?<br>● पछाडि 'खु' लागेर बनेका ५ ओटा ख्वपका मानिसहरूको थर लेख्नुहोस् । | ५ |
| ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | ● ख्वपका विशिष्ट व्यक्तित्वहरूको परिचय दिन | ● अमृतमान शाक्य<br>● गोपीकृष्ण प्रजापति<br>● कमलवदन मल्ल<br>● पशुपतिभक्त धौभडेल<br><br>उहाँहरूबाट सिक्न सकिने महत्त्वपूर्ण कुराहरूको वर्णन | ● विद्यार्थीहरूलाई अरू सामान्यभन्दा फरक गुण, क्षमता, सोच–विचार र व्यवहार गर्ने साथीहरू पहिल्याउन लगाउने । त्यस्ता विद्यार्थीहरूबारे आफूलाई लागेका कुराहरू भन्न लगाउने र बोर्डमा टिप्दै जाने । उनीहरूबारे कक्षामा छलफल गरी विशिष्टको अर्थ झल्किने उदाहरणहरू प्रस्तुत गर्दै जाने ।<br>● कक्षा १, २ र ३ मा अध्ययन गरिसकेको विशिष्ट व्यक्तिहरूको छोटोमा स्मरण गराउने । यसरी नै कुन क्षेत्रमा को को विशिष्ट पायौ त भनी प्रश्न गर्दै आएको उत्तर बोर्डमा टिप्दै जाने । उहाँहरूबारे थप प्रकाश पारिसकेपछि विषयमा उल्लिखित व्यक्तिहरूको एक–एक गरी पोष्टर, | ● उल्लिखित व्यक्तिहरूको तस्बीर, जीवनी, पुस्तिका, भिडियो क्लिप्स आदि | ● फेसबुकमा उल्लिखित व्यक्तिहरूको जानकारी कसरी लिनुहुन्छ ?<br>● उहाँहरूको जीवनीबाट के सिक्नु भयो ?<br>● ५/५ ओटा बुँदाहरूमा उल्लेख गर्नुहोस् । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तस्वीर कक्षा कोठाको भित्तामा टाँस्ने । उहाँहरूबारे सुनेका बुझेका कुराहरूलाई तालिका बनाई उल्लिखित व्यक्तिहरू एउटा एउटा बाँडेर छलफल गर्न लगाउने र टिपोटको आधारमा छोटो विवरण प्रस्तुत गर्न लगाउने । ती व्यक्तिहरूबारे ठोस कुराहरू बुझ्न सम्बन्धित ठाउँमा गई आवश्यक जानकारी हासिल गर्न प्रश्नावली सहित पठाउने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● उहाँहरूले गरेका कार्यहरू, उहाँहरूले अङ्गालेका विचार र व्यवहारले परिवार, समाज, सङ्घ–संस्थामा देखिएका सकारात्मक प्रेरणादायी कुराहरूबारे कक्षामा थप छलफल गर्ने वातावरण मिलाउने । त्यस्ता व्यक्तिहरू समाजमा किन आवश्यक छ भन्ने विषयमा निष्कर्ष निकाली बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने । | | ● उल्लिखितमध्ये एक जनाको स्केच बनाई उहाँले गर्नुभएको योगदानहरूको उल्लेख गर्नुहोस् । | |
| ग) भाषिक विवरण | ● ख्वपको रैथाने नेवार समुदायले व्यवहारमा बोलिने भाषा सूचीकृत गराउन । | ● ख्वपको तोकिएको स्थानमा नेपालभाषा/नेवारी भाषा बोल्ने परिवार सङ्ख्या सूचीकृत गर्ने ।<br>● नेवारी भाषा बाहेक अन्य भाषा(नेपाली आदि) मात्र बोल्ने भएमा तोकिएको स्थानको विवरण प्रस्तुत गर्ने ।<br>● नेवारी, नेपाली र अन्य भाषा पनि बोल्नेहरूको स्थान तोकेर त्यहाँका परिवार सङ्ख्याको सूची बनाउने । | ● विद्यार्थीहरूलाई कक्षा बाहिर जाँदा कुन भाषा बौल्छौ, घरमा आमा–बुबा दाजुभाइ, दिदीबहिनीसँग बोलिने भाषा कुन हो, साथीभाइ आफन्तसँग कुराकानी गर्दा नेवारी भाषा प्रयोग गर्छौ कि गर्दैनौ, आदि प्रश्नहरू सोध्ने र आएको विवरणलाई बोर्डमा टिप्दै जाने । उक्त विवरणलाई तालिकाको रूपमा उतार्न शिक्षकले सघाउने ।<br>● ख्वपमा आफू बसेको घर वरपरको वा तोकिएको स्थानको (टोलको) ५/५ ओटा घरहरूमा गई त्यहाँ बोलिने भाषाहरूको विवरण तोकिएको ढाँचामा तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय नेवारी भाषामा अन्य भाषाको प्रयोग र प्रभावबारे समूहगत छलफल गराउने र शिक्षकले निचोड निकाली सघाउने । | ● सम्बन्धित ठाउँको मतदाता नामावली<br>● ख्वपका विभिन्न भाषाभाषी झल्काउने चार्ट<br>● भाषिक समस्या झल्काउने चित्रात्मक चार्टहरू<br>● नेवारी र अन्य भाषा सिकाई बोलिने वाक्यांश र वाक्यहरू लेखिएको फ्लास कार्डहरू (Flash Card) | ● आफूले अध्ययन गरेका परिवारको भाषिक विवरण पेश गर्नुहोस् ।<br>● तपाईले घरमा एउटा र घर बाहिर स्कुल र अन्य काम काजमा किन अर्कै भाषा प्रयोग गर्नुहुन्छ ? त्यसको कारण लेख्नुहोस् । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ४-स्थानीय विविध संस्कृति (क) श्री पञ्चमी | (१) नेपालमा प्रचलित ऋतुको अर्थ र वसन्त ऋतुको महत्त्व बताउन । | १) ६ ओटा ऋतुको नाम र सबभन्दा रमाइलो ऋतु वसन्त ऋतु | १. नेपालमा एक वर्षलाई कति ओटा ऋतुमा विभाजन गरिएको छ ? (२) सबभन्दा रमाइलो र मनमोहक ऋतु कुनलाई मानिन्छ ?<br>● यी प्रश्नको उत्तर विद्यार्थीलाई आफ्नो कापीमा लेख्न लगाई कक्षामा पालै पालो सुनाउन लगाउनुहोस् ।<br>● तपाईंले निम्न तथ्यलाई समावेश गरी व्याख्या गरी दिनुहोस्:- विभिन्न तापक्रम, वायु, वर्षा आर्द्रताको संयुक्त रूप भनेको मौसम वा ऋतु हो ।<br>● नेपालमा दुइ दुइ महिना गरी ६ ओटा ऋतुहरूमा वर्षभरिको मौसमलाई विभाजन गरिएको छ । जस्तै : वसन्त (चैत, बैशाख), गृष्म(जेठ, असार), वर्षा (साउन, भदौ), शरद (असोज, कार्तिक), हेमन्त (मंसिर, पुस) र शिशिर (माघ, फागुन) ।<br>● यी ऋतुहरूमध्ये वसन्त ऋतुलाई मनमोहक मानिन्छ । यस ऋतुमा बोटबिरुवामा नयाँ नयाँ पालुवा पलाउनाले वातावरणमा हरियाली छाउने, जाडो कम हुँदै न्यानो बढ्दै जान्छ । श्री पञ्चमी पनि यही ऋतुमा पर्दछ । श्री पञ्चमी वसन्त ऋतुको आगमनको सङ्केत भएको हुँदा यसलाई वसन्त पञ्चमी पनि भनिन्छ । | ● ऋतुअनुसारको फोटो वा भिडियो क्लिप्स | (१) किन वसन्त ऋतु सबभन्दा रमाइलो ऋतु हो ? | ५ |
| | (२) अक्षराम्भ कुन दिनमा, कुन वाक्यबाट शुभारम्भ गरिन्छ भनी बताउन । | २) श्रीपञ्चमीबाट शुरु | २) प्रश्न सोध्नुहोस् : ससाना नानीहरूलाई अक्षराम्भ कुन दिन र कुन वाक्यबाट शुभारम्भ गरिन्छ ?<br>विद्यार्थीले दिएको मिल्दो उत्तरलाई पनि समावेश गरी निम्न कुरा बताइदिनुहोस् : श्री पञ्चमीको दिनदेखि ससाना नानीहरूलाई सरस्वती अथवा महामञ्जुश्रीको मन्दिरमा लगी अथवा घरैमा अक्षराम्भ गराइन्छ । अक्षराम्भको शुरुआत हिन्दूहरूले "ओम नमो शिवाय । नमो वागीश्वराय" र बौद्धहरूले "ॐ नमो बुद्धाय । नमो वागीश्वराय"बाट गर्दछन् ।<br>● श्री पञ्चमीबारे अन्य विविध पक्षको छलफल गराउनुहोस् । | सरस्वती र महामञ्जुश्रीको तस्वीर | (२) राम्रोसँग सिक्न, पास हुन देवीदेवतासँग माग्ने राम्रो कि बढी अभ्यास गर्ने राम्रो ? आफ्नो विचार लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. स्थानीय विविध संस्कृति ख) स्वन्ति नखः (तिहार) | १) आफ्नै किसिमको मौलिक पहिचान भएको तिहारको वर्णन गर्न र मनाउने तिथि बताउन<br><br>२) तिहार काग,कुकुर, गाई र म्हः पूजा मनाउने तरिका र मनाउनुपर्ने कारण बताउन<br><br>३) भाइटीका कसरी र किन मनाइन्छ वर्णन गर्न । | ● तिहार मनाउने तिथिहरू<br>● तिहारमा पाँच दिनसम्म मनाउने कार्यक्रमको नामावली<br><br>'काग चेष्टा, बको ध्यानम्, स्वान निन्द्रा, तथै वच'को बारेमा व्याख्या गरी विभिन्न पशुहरूका निहित गुणका कारण पूजा गर्ने परम्परा रहेको । | १) तिहारमा तपाईंहरू ककसलाई के के मा पूजा गर्नुहुन्छ ? विद्यार्थीको उत्तर बोर्डमा लेख्नुहोस् र निम्न बुँदाहरू समेटी व्याख्या गर्न ।<br>● तिहार कार्तिक कृष्ण कौलागा त्रयोदशीबाट शुरू भई कार्तिक शुक्ल कछलाथ्व द्वितीयासम्म पाँच दिन विशेष किसिमले मनाइन्छ ।<br>● पाँच दिनसम्म मनाउने पर्व तिहारमा सबैभन्दा पहिलो दिन कागतिहार, दोस्रो दिन कुकुर तिहार, तेस्रो दिन गाई र लक्ष्मी पूजा, चौथो दिन म्हः पूजा र नेपाल संवत् र पाँचौं दिन भाइटीका (किजापूजा) गरी मनाइन्छ ।<br>२) तिहारको पहिलो दिन के को पूजा किन गरिन्छ ? तिहारको पाँच दिनमा किन विभिन्न जनावरहरूको पूजा गरिन्छ भनी छलफल गर्ने । | काग, कुकुर र लक्ष्मीको फोटो<br><br>लक्ष्मीको फोटो म्हः पूजा गरिरहेको तस्बीर<br><br>मन्द(मण्डल)को तस्बीर<br><br>शङ्खधर साख्वाको तस्बीर<br><br>भाइटीका गरिरहेको फोटो | तिहारलाई किन किन यमपञ्चक पनि भन्ने गरिएको हो ? | १० |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ५- प्रचलित स्थानीय संस्कारहरू<br><br>(क) भीम रथारोहण | (१) भीमरथारोहणको भावार्थ वर्णन गर्न । | (क) भीमरथारोहण गर्न योग्य जेष्ठ नागरिकको पहिचान<br>(ख) भीमरथारोहण सामाजिक सम्मान दिन ।<br>(ग) विभिन्न उतार चढाउबाट बाँच्दै आएको अझै लामो आयु बाँच्न हौसला दिन । | (१) के तपाईंहरूले भीमरथारोहण गरी खटमा/रथमा राखेर बजार परिक्रमा गर्न ल्याएको देख्नुभएको छ ?<br>(२) भीमरथारोहण गरिसकेको छ छैन भनी चिनाउने सङ्केत के हो ? कसलाई थाहा छ भन्नुहोस् ।<br>(३) विद्यार्थीहरूले दिएका उत्तरहरू बोर्डमा लेख्दै जानुहोस्, आउनुपर्ने सही उत्तर हो-कानमा लगाएका अलि ठूलो आकारको सानो मुगा र मोती कानमा लगाइराखेको रिङ्ग जसलाई "पुण्यचा" भनिन्छ भनी बोर्डमा चित्र लेखी चिनाइदिने ।<br>(४) तल दिइएको तथ्यको आधारमा भीमरथारोहण भावार्थ अर्थ बुझाइदिने :<br>भीमरथारोहण गर्नु भनेको वृद्धवृद्धामा सामाजिक सम्मान गर्नु हो । जीवनको अनेकौं मोडमा कैयौं सुख दुःख, रोगव्याधिसँग सङ्घर्ष गरी बाँच्न सफलताको शुभकामनारूपी हौसला दिनु हो । अझै लामो समयसम्म बाँची परिवारलाई सही पथ प्रदर्शन गर्न सकियोस् भनी आकाङ्क्षा राखी भीमरथारोहण गर्ने गरिन्छ । | परिक्रमाको चित्र/फोटो वा मुभी (भीमरथारोहणको मुभी युट्युवमा खोज्न सकिन्छ) | भीमरथारोहण भनेको के हो ? | ५ |
| | (२) भीमरथारोहण गर्ने सही उमेर बताउन । | (क) वृद्धवृद्धाहरू- '७७ वर्ष ७ महिना ७ दिन, ७ घडी र ७ पलामा भीमरथारोहण गरिन्छ । | (२) भीमरथारोहण कुन उमेरमा गरिन्छ भनी प्रश्न बोर्डमा लेखी सोध्नुहोस् र विद्यार्थीले दिएका उत्तरहरू पनि बोर्डमै लेख्दै जानुहोस् ।<br>यसको सही उत्तर हो- '७७ वर्ष ७ महिना ७ दिन, ७ घडी र ७ पला'लाई बोर्डमा लेखेर बताइदिनुहोस् ।<br>नेवा सम्प्रदायमा प्रचलित पास्नी सम्बन्धी यस प्रकारको थप जानकारी पनि दिनुहोस् :-<br>१. नेवार सम्प्रदायमा प्रचलित पास्नी दुई प्रकारका छन् :<br>(क) मचा जङ्क्व (अन्न प्रासन्न) : छोरा भए ६ वा ८ महिनामा र छोरी भए ५ वा ७ महिनामा गरिन्छ ।<br>(ख) वृद्धवृद्धा जङ्क्व तीन प्रकारका छन् :<br>(१) भीमरथारोहण ७७ वर्ष, ७ महिना, ७ दिन, ७ घडी, ७ पलामा हुने ।<br>(२) देवरथारोहण वा महारथारोहण ८८ वर्ष, ८ महिना, ८ दिन, ८ घडी र ८ पलामा हुने ।<br>(३) दिव्यरथारोहण ९९ वर्ष, ९ महिना, ९ दिन, ९ घडी र ९ पलामा गर्ने । | | भीमरथारोहण कुन उमेरमा गरिन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (३) भीमरथारोहण गर्नुपर्ने कारण वर्णन गर्न । | (क) नेवा सम्प्रदायमा रहेका वृद्धवृद्धाहरूलाई सम्मान गर्ने परम्परा जीवित राख्न ।<br>(ख) नेवा सम्प्रदायको विशेषता भन्नु नै वृद्धवृद्धाहरूको आदर सम्मानसहितको संयुक्त परिवारको जानकारी दिन<br>(ग) अझ दीर्घ आयु बाँचियोस् भन्ने हौसला दिन, जीवनका धेरै आरोह अवरोह पार गर्दा बटुलेका अनुभवी अभिभावकको पथ प्रदर्शनमा संयुक्त पारिवारिक यात्रा अघि बढोस् भन्ने आकाङ्क्षा कायम राख्न | (३) भीमरथारोहण किन गरिन्छ होला भन्ने प्रश्न कक्षामा राखी विद्यार्थीले दिएका उत्तरलाई बोर्डमा लेख्दै जानुहोस् । तपाईंले दिने व्याख्यात्मक उत्तरमा निम्न बुँदाहरू समेट्नुहोस् :<br>(क) अझै लामो समयसम्म बाँच्नुपर्दछ भनी हौसला दिन ।<br>(ख) आठौं दशकसम्मको जीवनको भोगाइमा कैयौँ रोगसँग सङ्घर्ष गर्दै, कैयौँ सुख, दुःख भोग्दै सफल जीवनको यात्रा अझै अगाडि बढाएकोमा बधाईज्ञापन गर्न ।<br>(ग) परिवारको अभिभावक र सही पथ प्रदर्शक बनी संयुक्त परिवारको मान सम्मान अझ बढाइयोस् भन्ने आकाङ्क्षा राख्न । | वृद्धवृद्धाहरूको फोटो | (१) दीर्घ आयु बाँचेका वृद्धवृद्धाहरूबाट परिवार र समाजले के फाइदा लिन सक्छन् ? लेख्नुहोस् | |

| क्षेत्र | विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शैक्षिक सामग्री | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| क्षेत्र ६ स्थानीय बोलीचाली र लिपि | • स्थानीय रैथाने नेवारहरूले स्थानीय भाषाबाटै बोलिने १० ओटा स्थानीय टोल र चोकहरूको नाउँ बताउन | • ख्वपका नाउँ चलेका विश्व सम्पदामा सूचीकृत ठाउँका पुराना नामहरू जस्तै : लायकू, तमाव्हि, दत्तात्रय<br>• जनबोलीमा उच्चारण गरिने अन्य स्थानीय टोल–ठाउँका पुराना नामहरू, जस्तै : सुजमाव्हि, गोमाव्हि, सुकुरका, तालाक्व, भौध्वाका, ल्योसिंख्य, किसि मन्हयों गल्ली, तऱ्हाँ ब्यासी, दोक्छें, ताहामला, दुगुमला, स्वंमला, जालाँचा आदि । | • विभिन्न ठाउँ र चोकहरू उल्लेख गरेको ख्वप नगरको नक्सा विद्यार्थीहरूको सामु भित्तामा झुण्ड्याउने । यो हाम्रो विद्यालय रहेको ख्वप नगरको नक्सा हो । तिमीहरू कहा कहाँ डुलेका छौ ? तिमीहरू यही नगरको नगरवासी भए कुन ठाउँको हो ? पालै पालो नक्सा हेरी कुनै तीन ओटा ठाउँको नाम नदोहोरिने गरी बोर्डमा लेख्न लगाउने | • स्थानको नाम उल्लेख गरेको ख्वपको नक्सा<br>• उल्लिखित ठाउँहरूको तस्बीर र पोस्टरहरू | • उल्लिखित ठाउँहरूको पुराना वा रैथाने भाषामा बोलिने नाउँ र हालको नाम सूची तयार गर्नुहोस् । | ५ |
| | • विषय विस्तृतीकरणमा उल्लिखित ठाउँहरू बारे स्थानीय नेवारी भाषाबाटै छोटो छोटो वार्तालाप गर्न । | • ख्वपको हाल प्रचलनमा रहेका स्थानहरूको शुद्ध ख्वप भाषाका नामहरू | • कक्षामा ती ठाउँहरू नक्सा हेर्दै प्रस्तुत गर्न लगाउने<br>• समूहमा बाँडेर उल्लिखित केही ठाउँहरूको स्थलगत भ्रमण गरी त्यहाँका सम्पदा रैथाने बोलीचाली कै भाषामा टिपेर सोही भाषामा छोटो छोटो वार्तालाप गर्न आधारहरू तयार पार्न लगाउने ।<br>• स्थलगत भ्रमण, तस्बीर भिडियो क्लिप्स, बुँदा टिपोट आदिको आधारमा समूहगत रूपमा तयार पारेको विवरणलाई छोटो छोटो रैथाने नेवारी भाषाका शब्दहरू प्रयोग गरी हाउभाउका साथ तल दिए जस्तै कुराकानी गर्न<br>(नेम्हा मनू लाय्कुली नपा लात)<br>– आहा ! गुलि चकांगु थाय्, छु थाय् थें ख्व ?<br>– ख्वपया लाय्कु ख्व । | • वार्तालापका चित्रात्मक चार्टहरू<br>• वार्तालाप रेकर्ड गरेका भिडियो क्लिप्सहरू<br>• सम्बन्धित ठाउँका फोटो, पोस्टर, चित्र, नक्सा आदि | | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रचलित लिपि र रञ्जना लिपि | • नेपालभाषाको प्रचलित नेपाल लिपि र रञ्जना लिपिको सामान्य परिचय बताउन | • नेपाल भाषाको प्रचलित लिपि र रञ्जना लिपिका अक्षरहरूको आकार–प्रकारको सामान्य परिचयको लागि दुवै लिपिका स्वर र व्यञ्जनका पाँच –पाँच ओटा अक्षरहरूको पठन पाठन र लेखन । | • हामीले किताब अखबार आदिमा पढ्ने अक्षर त सबैलाई थाहा छ । कसरी ती अक्षर लेख्ने भन्ने कुरा पनि सिकेकै हो । त्यो अक्षर लेख्ने कला नै लिपि हो भन्ने बुझ्नुपर्छ । यति भन्दै शिक्षकले देवनागरी लिपि, रञ्जना लिपि र प्रचलित नेपाल लिपिका पहिलो पाँच–पाँच ओटा अक्षरसहितको चार्टलाई बोर्डमा झुण्डेयाउने । केही विद्यार्थीहरूलाई पालै पालो बोलाएर तीनै थरी लिपिहरू कतिको पढ्न आउँछ पढ्न लगाउने, लेख्न लगाउने । | • तीन ओटै लिपिका स्वर–व्यञ्जनका केही अक्षरहरूको चार्ट<br>• ती लिपि लेख्ने तरीका जनाउने चित्रात्मक चार्ट, फ्लास कार्ड, भिडियो क्लिप्स<br>• ती लिपि प्रयोग गरेका शिलालेख, ताम्रपत्र, माने, घण्टा आदिका तस्बीरहरू | • रञ्जना लिपि र प्रचलित लिपिका पाँच पाँच ओटा स्वर र व्यञ्जन लेख्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ७.स्थानीय कला र सम्पदाहरू: क) स्थानीय मन्दिरहरू | • स्थानीय मन्दिर हरूको परिचय दिन ।<br>• स्थानीय मन्दिहरूको चित्र कोर्न । | • ज्याठा गणेश,<br>• इनागा गणेश,<br>• माकचो गणेश,<br>• गोल्मढी गणेश,<br>• इताछें गणेश,<br>• स्वेत भैरब,<br>• गय भिन्द्यो | • विद्यार्थीहरूलाई भक्तपुर नगरभित्रका गणेश मन्दिरहरूको नाम भन्न लगाउने ।<br>• उनीहरूले भनेका गणेश मन्दिरहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>• ज्याठा गणेश, इनागा गणेश, माकचो गणेश, गोल्मढी गणेश इताछें गणेशको तस्बीर देखाई तिनीहरूको नाम सोध्ने ।<br>• बोलाछेंको स्वेत भैरब र खलाँको गय् भिन्द्योको तस्बीर देखाई तिनीहरूको नाम पनि सोध्ने ।<br>• विद्यार्थीहरूबाट सही जवाफ नआएमा शिक्षकले तस्बीरको सहयोग लिएर स्पष्ट पार्ने<br>• ती मन्दिरहरूको छोटो परिचय भिडियो क्लिप्स् वा विभिन्न लेख रचनाहरूको सहयोगबाट दिने ।<br>• सम्भव भएसम्म ती मन्दिरहरूको भ्रमण गरी मन्दिरको परिचय दिने ।<br>• कुनै दुई ओटा मन्दिरहरूको चित्र कोर्न लगाउने ।<br>• बुढापाकाहरूसँग मन्दिरको बारे के कस्तो किंवदन्ती छन् ? सोधखोज गर्न लगाउने । | भिडियो, मन्दिरको तस्बीरहरू | इनागा गणेशको छोटो परिचय दिनुहोस् ।<br><br>गय भिन्द्यो मन्दिरको चित्र कोर्नुहोस् । | ७ |
| ख) लोप भैसकेका तथा लोप हुन लागेका स्थानीय नाचहरू | • स्थानीय नाचहरूको नाम बताउन ।<br>• स्थानीय नाचहरूको परिचय दिन । | • बुढानागा प्याखं,<br>• धुँ प्याखं,<br>• कपाय् फेनेगु प्याखं,<br>• थाज्या यनिगु प्याखं,<br>• किजापूजा प्याखं,<br>• कचिमचा वान्छोय् येंकेगु प्याखं<br>(यी नाचहरूको परिचय, कलाकार सङ्ख्या, वेशभूषा, नाच्ने पर्व र सांस्कृतिक महत्त्व) | • विद्यार्थीले देखेका विभिन्न नाचहरूको नाम पालैपालो बताउन लगाउने ।<br>• विद्यार्थीले देखेका नाचहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>• बुढानागा प्याखं, धुँ प्याखं, कपाय् फेनेगु प्याखं,थाज्या यनिगु प्याखं, किजापूजा प्याखं, कचिमचा वान्छोय् येंकेगु प्याखं (नाच)हरूको क्लिप्सहरू भए देखाउने<br>• दृश्य देखाएर ती नाचहरूको नाम के हो ? भनी सोध्ने ।<br>• ती नाचहरूको परिचयसहित बयान गरिदिने जस्तै : नाचको नाम, कलाकार कति जना, बाजा बजाउने कति जना, कलाकारले लगाउने वेशभूषा, हाउभाउ, नाच्ने पर्व, सांस्कृतिक महत्त्व आदि ।<br>• सम्बन्धित पर्वमा नाचहरू अवलोकन गराउने । | नाचहरूको क्लिप्सहरू, तस्बीरहरू वा लेख रचनाहरू<br><br>तस्बीरहरू | किजापूजा प्याखंको छोटो परिचय दिनुहोस् । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग) स्थानीय बहा (विहार) | • स्थानीय बहा(विहार)को परिचय दिन | • चतुर्ब्रह्म महाविहार,<br>• प्रशन्नशील महाविहार (यी विहारहरूको सामान्य परिचय) | • तपाईंहरू चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहार जानुभएको छ ? भनी प्रश्न गर्ने ।<br>• चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारभित्र के-केका मूर्ति छन् ? भनी प्रश्न गर्ने<br>• चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको छोटो परिचय दिने ।<br>• चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको चित्र तथा श्रृव्य दृश्य देखाउने ।<br>• चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहार अवस्थित क्षेत्र भ्रमण गराउने ।<br>• चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको चित्र कोर्न लगाउने ।<br>• ती चित्रहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | चित्र तथा श्रव्यदृश्य ।<br><br>लेखरचनाहरू । | चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको चित्र कोर्नुहोस् ।<br><br>चतुर्ब्रह्म महाविहार, प्रशन्नशील महाविहारको छोटो परिचय दिनुहोस् । | ४ |
| स्थानीय मस्जिद | • जामे मस्जिद, हनुमानघाटको परिचय दिन । | • जामे मस्जिद, हनुमानघाट | • मुस्लिम भन्नाले इस्लाम धर्मको अनुयायी भन्ने बुझिन्छ। मुस्लिमहरू इस्लाम धर्मावलम्बी हुन् । मुस्लिमलाई मुसलमान पनि भन्ने गरिन्छ । जुन फारसी शब्द हो । अल्लाहले कुरानमा यस जातिको नाम मुस्लिम नै राखेका छन् । इस्लाम शब्दबाट मुस्लिम शब्द बनेको हो । इस्लामको अर्थ हुन्छ : आत्मसमर्पण र मुस्लिमको अर्थ हुन्छ : आत्मसमर्पण गर्ने व्यक्ति । मुस्लिमहरूका मन्दिर नै मस्जिद हो भनी बताउने ।<br>• सम्भव भए भक्तपुरको हनुमानघाटमा रहेको जामे मस्जिद भ्रमण गर्न लगाउने ।<br>• भक्तपुरको जामे मस्जिदको छोटो परिचय दिने । | फोटो परिचय लेखेका लेखरचनाहरू | भक्तपुरको जामेमस्जिदको छोटो परिचय दिनुहोस् । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.स्थानीय व्यवसाय, सीप र प्रविधि<br>क) व्यवसाय | • स्थानीय व्यवसायहरूको परिचय दिन । | • थाङ्का बनाउने ,<br>• तमो (तामा तथा काँसको कार्य),<br>• लोहँकमी (ढुङ्गाको कार्य)<br>• सिकमी (काष्ठ कार्य) ।<br>• डकमी (घर बनाउने) | • शिक्षकले सर्वप्रथम तपाईंहरूको घर वरपर के के पेशा अपनाइरहेका मानिसहरू छन् ? भनी प्रश्न गर्ने ।<br>• तपाईंहरूका आमाबुबाहरू र तपाईंको नातागोतामा के के काम गर्ने छन् ? भनी प्रश्न गर्ने ।<br>• उनीहरूको जवाफलाई क्रमशः सेतोपाटीमा टिप्दै जाने ।<br>• ती पेशाहरूमध्ये थाङ्का बनाउने, तामाको कार्य गर्ने, ढुङ्गाको कार्य गर्ने , काष्ठ कार्य गर्ने तथा घर बनाउने पेशाको छोटो परिचय दिने ।<br>• जस्तै : थाङ्का नेपालका तामाङ, शेर्पा तथा गुरुङ जातिहरू तथा तिब्बती परम्परागत चित्रकला हो । यो नेपाली हस्तकलाको विविध विधामध्ये एक मौलिक कला हो । यो चित्रकला नेवार जातिको परम्परागत चित्रकला पौभासँग मिल्दोजुल्दो हुन्छ ।<br>• सम्भव भए थाङ्का बनाउने, तामाको कार्य गर्ने, ढुङ्गाको कार्य गर्ने, घर बनाउने र काष्ठ कार्य गर्ने व्यक्तिहरूसँग वा काम गर्ने ठाउँमा लगेर ती व्यक्तिहरूसँग ती पेशाको बारेमा सोध्न लगाउने ।<br>• प्रत्येक विद्यार्थीलाई आफूले बुझेअनुसार ती पेशाहरूको बारे प्रतिवेदन तयार गर्न लगाउने ।<br>• उनीहरूका प्रतिवेदनहरू कक्षामा सबैले देख्ने ठाउँमा टाँस्ने । | वास्तविक साधन वा चित्र | • थाङ्काको परिचय दिनुहोस् ।<br>• छलफल र अवलोकनका कुरालाईश्रेणीमापन गरी मूल्याङ्कन गर्ने | ५ |
| ख) बुनाइ | • बुनाइको परिचय दिन<br>• ऊन वा धागोबाट पन्जा, मोजा, टोपी, रुमाल बुन्न । | ऊन तथा धागोबाट पन्जा, मोजा, टोपी, रुमाल बुन्न । | • बुनाइको सामान्य परिचय दिने ।<br>• शिक्षकले सर्वप्रथम बुनाइ कार्य गरेर प्रदर्शन गरेर देखाउने ।<br>• ऊनबाट निर्माण भएका वस्तुहरू जस्तै : पंजा, मोजा, टोपी, रुमाल आदि वस्तुहरूको अवलोकन गराई बुनाइ कार्य गर्न प्ररित गर्ने ।<br>• स्थानीय क्षेत्रमा हुने बुनाइ अवलोकन गराउने ।<br>• यस कार्यमा आवश्यक पर्ने वस्तुहरू जस्तैः ऊन, धागो, कुरुश, सियो आदि व्यवस्था गर्ने ।<br>• भिडियो क्लिप्स देखाउँदै सङ्कलित वस्तुहरूबाट विभिन्न प्रकारका बुनाइ कार्य गराउने ।<br>• उनीहरूले बनाएका सामानहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | तस्बीरहरू, भिडियो क्लिप्स | अवलोकन गर्ने | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग) बेमौसमी तथा सघन खेती | • बेमौसमी तथा सघन खेतीको परिचय दिन<br>• बेमौसमी तथा सघन खेतीका फाइदाहरू बताउन । | • बेमौसमी तथा सघन खेतीको परिचय<br>• बेमौसमी तथा सघन खेती गर्ने तरीकाहरू । | • सापेक्षित आर्द्रता, तापक्रम,माटोको पि.एच्. आदि बदलेर गरिने खेतीलाई बेमौसमी खेती भनिन्छ । बेर्ना उत्पादन र खेती प्लास्टिक टनेलभित्र गर्ने तरिकामा वृद्धि भइरहेको छ । यसको आकार आफ्नो जग्गाको क्षेत्रअनुसार गर्न सकिन्छ । मौसमी उत्पादनको तरकारी बजारमा नआएको समयमा बेमौसमीबाट उपलब्ध गराउन सके राम्रो मूल्य प्राप्त गर्न सकिन्छ । यसबाट बाह्रै महिना तरकारीको उपलब्धता रहन्छ भनी शिक्षकले बेमौसमी खेतीको बारे परिचय दिने ।<br>• विद्यार्थीहरूलाई तपाइँहरूको खेतबारीमा बेमौसमी खेती गरेको छ ? भनी प्रश्न गर्ने ।<br>• परम्परागत खेतीको विकल्प व्यावसायिक खेती हो । प्रतिएकाइ लागत र प्रतिफल दुवै बढी हुने कारणले यस खेतीलाई सघन खेती भनिन्छ । परम्परागत प्रणालीमा भन्दा सघन खेतीमा खेतलाई बाँझो (fallow) राख्ने समय निकै छोटो हुन्छ र उत्पादन निरन्तर भइरहन्छ । एक वर्षमा धेरै पटक बाली लिन सघन खेतीको प्रयोग गरिन्छ भनी शिक्षकले सघन खेतीको बारे परिचय दिने ।<br>• सघन खेतीको फाइदा तथा खेती गर्ने तरिकाबारे शिक्षकले उदाहरणसहित बताउने ।<br>• सम्भव भए बेमौसमी तथा सघन खेती गरेका ठाउँमा क्षेत्र भ्रमण गराउने । | बेमौसमी तथा सघन खेतीको लेख रचनाहरू<br><br>बेमौसमी तथा सघन खेतीका तस्बीरहरू | बेमौसमी खेतीको परिचय दिनुहोस् । | ४ |
| घ) खाद्य परिकार | • लाखामारी, सयगुलीको परिचय दिन ।<br>• नेपाली खाना (दाल,भात तरकारी अचार) बनाउन | • लाखामारी तथा सयगुली<br>• दाल, भात, तरकारी र अचार बनाउन आवश्यक सामग्रीहरू | • विद्यार्थीहरूलाई आ-आफ्नो घरमा खाने खाद्य परिकारहरू भन्न लगाउने ।<br>• लाखामारी र सयगुलीको परिचय दिने ।<br>जस्तैः लाखमरी एक प्रकारको मिठाई हो । यो नेवार समुदायमा प्रचलित छ । लाखामरी बनाउन पीठो, चिनी, घ्यू वा बटर आदि वस्तुहरू चाहिन्छ । यो विभिन्न आकारमा बनाउन सकिन्छ । लाखामरी विशेषतः विवाह उत्सवमा अतिआवश्यक मानिन्छ । लाखामरी धेरै पछि सम्म पनि प्रयोग गर्न सकिन्छ ।<br>• लाखामारी र सयगुली कसैले खानुभएको छ ? भनी सोध्ने । | चित्र तथा भिडियो क्लिप्स् | लाखामारीको परिचय दिनुहोस् ।<br><br>दाल, भात, तरकारी र अचार बनाउनुहोस् | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● यी खाद्य परिकारले हाम्रो शरीरलाई दिने फाइदाहरू यसको महत्त्वबारे बताउने ।<br>● जङ्क फुड (पत्रु खाना)ले गर्ने बेफाइदाहरू पनि बताउने ।<br>● दाल, भात, तरकारी र अचार बनाउन आवश्यक सामग्रीहरूको सूची तयार गर्न लगाउने ।<br>जस्तैः चामल, दाल, साग, आलु, गोलभेडा,पानी आदि ।<br>● यी परिकारहरू विद्यालयमा बनाएर देखाउने र खुवाउने । | | | |
| सीप | ● भुतिमा (चङ्गा) बनाउन<br>● कागजको फ्रेम बनाउन । | ● भुतिमा बनाउन आवश्यक सामग्रीहरू<br>● कागजको फ्रेम बनाउन आवश्यक सामग्रीहरू | ● तपाईंहरूमध्ये क-कस्ले भुतिमा उडाउनुभएको छ भनी शिक्षकले कक्षामा सबैलाई सोध्ने ।<br>● भुतिमाको रङ, आकारप्रकार, उडाउने समय, उदाउँदा मनमा हुने तरङ्गहरू आदिको बारेमा शिक्षकले कक्षामा छलफल गर्ने ।<br>● भुतिमा बनाउन आवश्यक सामग्रीहरू कक्षामा ल्याई सबैको सामु भुतिमा बनाउने ।<br>● भुतिमा बनाउँदा विद्यार्थीहरूमध्ये कसलाई बनाउन आउँछ उसलाई बनाउन दिने ।<br>● शिक्षकले कागजको फ्रेम बनाउने सामग्रीहरू कक्षामा ल्याई फ्रेम बनाउन सबै विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने ।<br>● फ्रेममा विभिन्न बुट्टाहरू भरी आकर्षक बनाउने ।<br>● विद्यार्थीहरूले बनाएको भुतिमा र फ्रेम सबैले देखिने ठाउँमा प्रदर्शन गर्ने । | भुतिमा (चङ्गा) कागजको फ्रेम | अवलोकन | |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ९. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | • परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने जडीबुटीको नाम बताउन<br>• आयुर्वेदिक उपचार विधिबारे बताउन<br>• ध्यान र योगको आधारभूत ज्ञान प्रयोग गर्न | • परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने जडीबुटीहरू जस्तै, मह, घ्यू, मेथी, हिङ, पिडालु, सखर, दही, उखु, सुपारी आदि<br>• आयुर्वेदिक उपचार विधिको जानकारी<br>• ध्यान र योगको आधारभूत ज्ञान | • घरमा स्थानीय औषधीको रुपमा प्रयोग हुने जडीबुटीहरू के के छन् ? विद्यार्थीबाट आएको नाम टिपी, त्यसमा छलफल गरी शिक्षकले थप नाम उल्लेख गरिदिने ।<br>• नामअनुसारको जडीबुटीहरू पहिचान गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई घरमा अभिभावकसँग थप परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने जडीबुटीहरू नाम सोधेर आउन भन्ने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>• विद्यार्थीहरूसँग बिरामी हुँदा गरिने विभिन्न उपचार विधिहरू बारेमा छलफल गर्ने । जस्तै, आयुर्वेदिक उपचार विधि, प्राकृतिक उपचार विधि, होमोपाथिक, आलोपाथिक, आदि ।<br>• हामी साधारण बिरामी हुँदा घरमा गरिने आयुर्वेदिक उपचार विधिहरू बारेमा विद्यार्थीसँग छलफल गर्ने ।<br>• विद्यार्थीहरूलाई ध्यान र योगको आधारभूत परिचय दिने ।<br>• शिक्षकले विद्यार्थीहरूलाइ १ मिनेट जतिको आफ्नो सासभित्र आएको र बाहिर गएको छोटो ध्यान गराउने र घरमा पनि गर्न भन्ने ।<br>• योगबारेमा सामान्य जानकारी गराउने ।<br>• सकिन्छ भने एउटा दुई ओटा योगहरू गराउने । | परम्परागत स्थानीय औषधीको रूपमा प्रयोग हुने वास्तविक जडीबुटीहरू वा जडीबुटीहरूको चित्र,<br><br>आधारभूत योगका चित्रहरू | • जडीबुटीहरूको फोटोको एल्बम बनाउनु होस् ।<br>• आयुर्वेदिक उपचार विधि भनेको के हो ? | ८ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १०. स्थानीय खेल | • स्थानीय परम्परागत खेलहरू खेल्न । | • धकाचु–कुत्याचु<br>• ह : पालु | • सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय पुराना खेलहरू बारेमा छलफल गर्ने ।<br>• धकाचु–कुत्याचु खेल खेलाउन आवश्यक तयारी गरी चउरमा लागि विद्यार्थीहरूलाई यसको नियमबारेमा जानकारी गराउने ।<br>• विद्यार्थीहरूलाई नियमअनुसार पालैपालो खेल खेलाउने ।<br>• ह:पालु खेलाउन राम्ररी मुछिएको माटो विद्यार्थीहरूलाई ठिकको मात्रामा सबैलाई बराबर हुने गरी वितरण गर्ने ।<br>• विद्यार्थी सङ्ख्याअनुसार टाइसेट बनाई समूह विभाजन गर्ने र खेल्ने समय निर्धारण गरी पालै पालो ह :पालु खेल खेलाउने ।<br>• खेल खेलाउनु अघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>• खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>• विद्यार्थीहरूले क-कसले राम्रो खेले नखेलेको रेकर्ड राख्ने ।<br>• घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | धकाचु–कुत्याचुको लागि कोठा बनाउन चून<br>ह : पालुको लागि माटो | खेल खेलाएर अवलोकन गर्ने | ३ |

| क्षेत्र | सिकाइ उपलब्धी/ विशिष्ट उद्देश्य | विषय विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ११. स्थानीय पर्यटन | • आफ्नो वरपर क्षेत्रका पर्यटकीय स्थानहरू भन्न ।<br>• पर्यटकहरूको आवश्यकता पहिचान गर्न ।<br>• पर्यटकहरूको फाइदा र बेफाइदाहरू बताउन । | • आफ्नो क्षेत्र वरपर रहेको पर्यटकीय स्थानहरू<br>• पर्यटकहरूको आवश्यकता तथा यसका फाइदा र बेफाइदाहरू | • विद्यार्थीहरूलाई सम्पदाबारे जानकारी गराई कस्तो क्षेत्रलाई सम्पदा भनिन्छ ? बताउने ।<br>• विद्यार्थीहरूलाई आफ्नो क्षेत्रका सम्पदाहरूको बारेमा सोधी अवस्थाबारे छलफल गर्न लगाउने ।<br>• सम्पदाहरू जीर्ण भएमा त्यसको जीर्णोद्धार गर्ने निकायहरूका बारेमा जानकारी गराउने ।<br>• यस्ता सम्पदाको सम्बर्धन गर्नँ पर्नाका कारणहरू छलफल गरी शिक्षकले निष्कर्ष निकाली दिने ।<br>• हामीलाई पर्यटकहरूको आवश्यकता कुन कुन क्षेत्रमा रहेको छ ? छलफल गर्ने जस्तै, स्थानहरूको प्रचारप्रसार गर्न, रोजगारी सिर्जना गर्न, आर्थिक क्रियाकलाप सञ्चालन गर्न, ब्यवसाय सञ्चालन गर्न, सरसफाइको लागि आदि ।<br>• पर्यटकहरूबाट हामीलाई के के फाइदाहरू हुन्छ ? छलफल गर्ने । जस्तै, आर्थिक, सामाजिक, संस्कृतिक, सरसफाइ, आदि ।<br>• हामीलाई पर्यटकहरूबाट हुने बेफाइदाहरू का बारेमा छलफल गरी त्यस्ता बेफाइदाहरू हटाउन के गर्नु पर्छ त्यसबारेमा विद्यार्थीहरू बिचमा छलफल गराउने ।<br>• सकिन्छ भने विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई पर्यटकको फाइदा र अर्को समूहलाई बेफाइदा बारेमा कक्षामा प्रस्तुत गर्न लगाउने । | विभिन्न पर्यटकीय स्थानहरू फोटोहरू<br>स्थानीय रूपमा सञ्चालित पर्यटनसँग सम्बन्धित उद्योगका फोटोहरू<br>पर्यटकहरूबाट हुने केही नकारात्मक प्रभावहरूको फोटोहरू वा भिडियो क्लिप्स<br>चार्टहरू<br>भिडियो क्लिप्स | • आफ्नो क्षेत्रमा रहेका कुनै ३ ओटा पर्यटकीय स्थानहरूको नाम लेख्नुहोस् ।<br>• हामीलाइ पर्यटक किन आवश्यक छ ?<br>• पर्यटकबाट हुने कुनै ३ ३ ओटा फाइदा र बेफाइदाहरू उल्लेख गर्नुहोस् । | ८ |

# निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेख प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाका मुख्य उद्देश्य पठनउद्देश्यसँगै विद्यार्थीहरुको सिकाईको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यस मूल्याङ्कन प्रक्रियामा निम्नानुसार विद्यार्थीहरुका प्रगति अभिलेख राख्नुपर्नेछ :

१. उद्देश्यगत आधारमा विद्यार्थीलाई कक्षामा सिकेको कुरालाई अनुसूची १ अनुसारको फाराममा तोकिएका मापदण्डका आधारमा एकदेखि तीन ओटासम्म रेजा (✓) चिह्न लगाउने ।

२. अतिउत्तम सिकेकालाई तीनओटा रेजा (✓✓✓), उत्तम सिकेकालाई दुईओटा रेजा (✓✓) र सामान्य सिकेकालाई एउटा रेजा (✓) दिने ।

३. प्रत्येक उद्देश्यमा रेजा दिनका लागि निम्न लिखित मापदण्डलाई आधार मान्नेः

| क.सं. | मापदण्ड | अतिउत्तम | उत्तम | सामान्य |
|---|---|---|---|---|
| १ | कक्षा कार्य (कक्षा सहभागिता) | ✓✓✓ | ✓✓ | ✓ |
| २ | परियाजना कार्य | ✓✓✓ | ✓✓ | ✓ |
| ३ | व्यवहार परिवर्तन | ✓✓✓ | ✓✓ | ✓ |
| ४ | सिर्जनात्मक कार्य | ✓✓✓ | ✓✓ | ✓ |
| ५ | हाजिरी | ✓✓✓ | ✓✓ | ✓ |

४. उद्देश्यगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरुलाई निम्नलिखित तरिकाले क, ख, ग, श्रेणीमा छुट्याउनेः

| | |
|---|---|
| ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म | क श्रेणी |
| ४० प्रतिशतदेखि ७० प्रतिशतसम्म | ख श्रेणी |
| ४० प्रतिशतभन्दा तल | ग श्रेणी |

५. उद्देश्यगत रेजाहरुको प्रतिशत निकाल्ने तरिकाः

$$\text{सूत्र : रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीले पाएका जम्मा रेजा संख्या}}{\text{जम्मा पढाइ भएको उद्देश्य संख्या} \times १५} \times १००$$

उदाहरणः (क) कुनै एक विषयमा प्रथम त्रैमासिकसम्म पढाइ भइसकेका उद्देश्य संख्या . ६

कुनै एउटा विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको रेजा संख्या . ६०

सूत्र अनुसार हिसाब गर्दा

$$\text{रेजा प्रतिशत} = \frac{६०}{६ \times १५} \times १००$$

उक्त विद्यार्थीको रेजा प्रतिशत ६६.६६

त्यसकारण उक्त विद्यार्थीको श्रेणी ख भयो ।

द्रष्टव्य माथिको प्रक्रियाबाट ख र ग श्रेणी पनि निकाल्न सकिने ।

६. उद्देश्यगतरुपमा सिकेका कुरा मूल्याङ्कन गर्दा उद्देश्ययक्रमले निर्दिष्ट गरेका सिकाइउपलब्धिहरु पूरा भए नभएको हेर्नुपर्ने छ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम नं. २ (अनुसूची २)मा उद्देश्यगत निरन्तर विद्यार्थी मूल्याङ्कनको रेजालाई बुँदा नं. ४ अनुसार क, ख, ग श्रेणीमा र लिखित तथा मौखिक उपलब्धि मापनको अङ्कसाथ राख्ने व्यवस्था गर्नुपर्नेछ ।

८. अनुसूची १ र २ अनुसारको सिकाइ अभिलेख फाराम विद्यालय आफैले तयार गर्नुपर्नेछ ।

# निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

(मूल्याङ्कन मापदण्डका आधारमा रेजा लगाउने)

कक्षा ........................ विषयः .................................... शैक्षिक सत्र .............................

| क्र.सं. | विद्यार्थीको नाम | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... | उद्देश्य... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कक्षा शिक्षक ........................ रुजु गर्ने .................................... प्र.अ.को दस्तखत .............................

द्रष्टव्यः यस सिकाई अभिलेखका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिका बारेमा उनीहरुका अभिभावकलाई समय समयमा जानकारी गराउनुपर्नेछ ।

# विद्यार्थी प्रगति विवरण


शैक्षिक सत्र..................

विद्यालयको नामः श्री ........................

विद्यार्थीको नामः .................................... कक्षाः ............................. रोल नं. .............................

<table>
<tr><td rowspan="3">विषय</td><td colspan="3">(निरन्तर विद्यार्थी मूल्याङ्कन श्रेणी क, ख, ग)</td><td colspan="6">आवधिक उपलब्धिस्तर (लिखित तथा मौखिक परीक्षाको आधारमा अङ्क दिने । तर यो अङ्क कक्षा उत्तीर्णका लागि नभएर विद्यार्थीको प्रगति अभिलेख र प्रगति प्रतिवेदनका लागिमात्र हुनेछ ।)</td><td>जम्मा</td></tr>
<tr><td>प्रथम त्रैमासिक</td><td>दोस्रो त्रैमासिक</td><td>वार्षिक परीक्षा</td><td colspan="2">प्रथम त्रैमासिक</td><td colspan="2">दोस्रो त्रैमासिक</td><td colspan="2">वार्षिक परीक्षा</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>पूर्णाङ्क १०</td><td>प्राप्ताङ्क</td><td>पूर्णाङ्क ३०</td><td>प्राप्ताङ्क</td><td>पूर्णाङ्क ६०</td><td>प्राप्ताङ्क</td><td></td></tr>
<tr><td>नेपाली</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अङ्ग्रेजी</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>गणित</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सामाजिक अध्ययन तथा सिर्जनात्मक कला</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>विज्ञान, स्वास्थ्य, र शारीरिक शिक्षा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्थानीय विषय/मातृभाषा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

कक्षा शिक्षक ........................ रुजु गर्ने .................................... प्र.अ.को दस्तखत .............................


Bhaktapur Municipality
N
भक्तपुर नगरपालिका
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality Boundary
Ward Boundary
Municipality Center
Bkt_bnd_polygon
0 237.5 475 950 1,425 1,900 Meters
Source:
Topographic Sheets, Survey Department 1999
Ministry of Federal Affairs and Local Development